पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०५।३१ गते आ.व. २०८२/८३ बैठक सङ्ख्याः- ३

<u>निर्णय नं. १:</u> अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो।

<u>निर्णय नं. २:</u> भाद्र २३ र २४ गते Zen-Z आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण मृतक परिवार प्रति गहिरो समवेदना प्रकट गर्दै जलेर ध्वस्त भएका सरकारी कार्यालय लगायतका अन्य कार्यालयहरु पूनःनिमार्णका लागि सङ्घीय सरकारले गर्ने परिपत्रमा ऐक्यबद्धता गर्ने निर्णय गरियो। साथै यस कार्यालयबाट विगतमा भएका कार्यहरुको पुनरावलोकन गरी आन्दोलनरत पक्षहरुको मागलाई यथोचित व्यवस्थापन गर्न लागि पर्ने निर्णय गरियो।

<u>निर्णय नं. ३:</u> विपद् व्यवस्थापन कोषबाट आ.व. ०८१/०८२ तथा ०८२/०८३ का लागि प्रदान गरिने विपद् पुनःनिर्माण सम्बन्धी आवश्यक कानुनी पूर्वाधार तयार गर्न लगत सङ्कलन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ४:</u> पैयूँ आधारभूत अस्पतालमा फार्मेसी सेवा सञ्चालनका लागि आ.व. ०८२/०८३ मा रु.१५,००,०००।(अक्षरेपि पन्द्र लाख मात्र) विनियोजन भएकोमा उक्त बजेटबाट फार्मेसी सेवा सञ्चालन गर्न रकम अभाव हुने देखिएकोले उक्त कार्यको लागि आवश्यक पर्ने रकम रु.२५,००,०००।-(अक्षरेपि पच्चीस लाख मात्र) आ.व.०८२/८३ को मागमा आधारित बजेट शीर्षकबाट सुनिश्चित गरी कुल बजेट रु.४०,००,०००।-(अक्षरेपि चालीस लाख मात्र) कायम गर्ने र सो रकम बराबरको आवश्यक औषधी खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।

<u>निर्णय नं.५:</u> पैयूँ गाउँपालिका अन्तर्गत सञ्चालन हुने पूर्वाधारका विभिन्न आयोजना कार्यान्वयनका लागि आवश्यक नदिजन्य सामाग्री अभाव भएको हुँदा यस गाउँपालिकाको क्षेत्र भित्रबाट बहने सेदिखोलाबाट नदिजन्य पदार्थ उत्खनन् गरी विक्री गर्नको लागि IEE गर्नुपर्ने भएकाले आ.व. ०८२/०८३ को वार्षिक बजेटको परामर्श सेवा शीर्षकमा विनियोजन भएको बजेट अपुग हुने देखि अपुग हुने रकम रु १,००,०००।-(अक्षरेपि एक लाख मात्र) मागमा आधारित शीर्षकबाट थप गरी IEE को खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।

<u>निर्णय नं.६:</u> पैयूँ गाउँपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.७: यस गाउँपालिकाको खरिद इकाइबाट तयार गरी स्वीकृतिको लागि कार्यपालिकामा पेस हुन आएको पैयूँ गाउँपालिकाको वार्षिक खरिद योजना २०८२/०८३ लाई स्वीकृत गरियो।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष